रोल्पा नगरपालिका
ROLPA MUNICIPALITY
# नगर कार्यपालिकाको कार्यालय
OFFICE OF MUNICIPAL EXECUTIVE
लिबाङ रोल्पा
LIBANG, ROLPA
लुम्बिनी प्रदेश, नेपाल
LUMBINI PROVINCE, NEPAL

पत्र संख्या : F.Y. २०८१/०८२
२०८१/८२ (2081-082)

नेपाल सम्वत : ११४५

प.सं.

मिति/Date: २०८२/०२/२०

## विज्ञप्ति

रोल्पा नगरपालिका वडा नं ३ चौरपानीमा मिति २०८२/०२/१७ गते शनिवारका दिन तिल प्रसाद रोकाको ठूलो वुबाको मृत्यु पश्चात गरिएको १३ दिने पुन्य तिथिमा आएका पाहुनाहरुलाई त्यहाँ खाना खाएको केहि समय पश्चात वान्ता हुने, पखाला लाग्ने, पेट दुख्ने, टाउको दुख्ने जस्ता चिन्ह तथा लक्षणहरु देखिएको र केहि बेरमै धेरै संख्यामा विरामीहरु खुमेल स्वास्थ्य चौकीमा उपचारका लागि दर्ता भएका थिए। स्वास्थ्य चौकी खुमेलमा दर्ता भएका ११८ जना विरामीहरु मध्ये अवस्था गम्भिर भएका ११ जना विरामीलाई रोल्पा अस्पताल रेउघामा उपचारका लगि प्रेषण गरिएको थियो भने सबै विरामीहरु उपचार पश्चात अस्पतालबाट डिस्चार्ज भएको अवस्था छ । उक्त घटना पश्चात मिति २०८२/०२/१९ गतेस्वास्थ्य कार्यालय रोल्पा र रोल्पा नगरपालिकाका स्वास्थ्यकर्मीहरुबाट सो क्षेत्रको अनुगमन तथा हरेक विरामीहरुको तथ्याङ्क संकलन गरिएको थियो भने उपलब्ध तथ्याङ्कका आधारमा प्रयोग गरिएको खाद्यवस्तुको विषाक्तता (food poisoning) भई सो समस्या आएको देखिन्छ भने हाल सबै विरामीहरुको अवस्था सामान्य रहेको छ ।

यस्तो अवस्थालाई नियन्त्रण गर्नमा सहयोग पुर्याउनु हुने खुमेल स्वास्थ्य चौकीका स्वास्थ्यकर्मी, रोल्पा न.पा., वडा नं ३ का जनप्रतिनिधि, रोल्पा अस्पताल रेउघाका स्वास्थ्यकर्मी, स्वास्थ्य कार्यालय रोल्पा र पत्रकार महानुभाव लगायत सम्पुर्णमा हार्दिक आभार प्रकट गर्दछौं ।

यसरी विभिन्न जमघट, भोज, भतेरमा खाना बनाउनका लागि प्रयोग गरिने खाद्यबस्तु तथा तरकारीहरु राम्ररी सफा गरी पूर्णरुपमा पकाई मात्र उपभोग गर्नुहुन र बर्षायामको सुरुवातसँगै खानेपानीका मुहानहरु दूषित हुने, हैजा तथा झाडापखाला फैलने संभावना प्रवल हुने भएकाले सम्पूर्णमा व्यक्तिगत, पारिवारिक तथा समुदायिक सरसफाईमा विशेष ध्यान दिनुहुन अनुरोध छ ।

प्रकाश डाँगी

नगर प्रवक्ता

Scanned with CamScanner